आज मिति २०७४ जेठ १६ गते दिनको ३:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

| ***उपस्थिति*** | **उपस्थित** |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | |
| २. उप-प्रमुख श्री रजनी जोशी | सूचना |
| ३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री | **उपस्थित** |
| ४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला | ऐ. |
| ५. वडाध्यक्ष श्री राज कृष्ण गोरा | ऐ. |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ. |
| ७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य | ऐ. |
| ८. वडाध्यक्ष श्री हरेराम सुवाल | ऐ. |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ. |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ. |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ. |
| १२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा | ऐ. |
| १३. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ. |

**विषयहरु :-**

१ हनुमन्ते खोला सुधार रि.ल.ई. बारे ।

२. न्याय समिति गठन बारे ।

३. कार्यालय प्रमुखहरुसँग भेटघाट बारे ।

४. वडा कार्यालयको दैनिक खर्च व्यवस्थापन बारे ।

५. सिथी नःख का दिन पानीको स्रोतहरुमा सरसफाई गर्ने बारे ।

६. मुद्दा मामिलाको अख्तियारी दिने बारे ।

७. विविध बारे

**निर्णयहरु :**

१. हनुमन्ते खोला सुधार सम्बन्धमा रि.ल.ई. पेश भई छलफल हुंदा पुनः संशोधित रुपमा पेश गर्ने

२. न्याय समिति गठन सम्बन्धमा छलफल हुंदा न्यायिक समिति गठन नभएसम्मको लागि न्याय सम्पादनका सम्पूर्ण कामहरु प्रमुखज्यूबाट गर्ने निर्णय भयो ।

३. मिति २०७४।२।२१ गते आइतबार दिनको ३ बजे नगर क्षेत्रभित्रका कार्यालय प्रमुखहरुसंग भेटघाट र छलफल कार्यक्रम गर्ने ।

४. यस न.पा.को हाल कायम भएको वडा नं. १ देखि १० सम्मका वडा कार्यालयहरुबाट दैनिक अतिथि सत्कार, भैपरि खर्चको लागि प्रत्येक वडालाई मिति २०७४ जेठ महिनादेखि नै लागू हुने गरी मासिक रु.२५,०००।- उपलब्ध गराउने ।

५. २०७४।२।१७ गते सिति नःखका दिन भक्तपुर नगर क्षेत्रभित्रका पानीका स्रोतहरु पोखरी, इनार, कुवा, ढुंगेधारा आदिमा नगरपालिकाबाट आवश्यक सामान दिने गरी स्थानीय समुदायहरुलाई आ–आफ्नो क्षेत्रको पानीका स्रोतहरु पोखरी, इनार, कुवा, ढुंगेधारा आदिमा सरसफाईको लागि अनुरोध गर्ने ।

६. भक्तपुर नगर कार्यपालिकाको कार्यालय उपर विभिन्न पक्षबाट विभिन्न अड्डा अदालतमा दायर गरेका मुद्दा, उजुरीमा प्रतिउत्तर/लिखित जवाफ पेश गर्न एवं भक्तपुर नगरपालिका र भक्तपुर नगर कार्यपालिकाको कार्यालयको तर्फबाट विभिन्न अड्डा अदालतमा विभिन्न पत्र उपर उजुरी/फिराद/रिट निवेदन र पुनरावेदन समेत पेश गर्न भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिलाई अख्तियारी दिने ।

७. विविध विषयमा छलफल हुंदा देहाय अनुसार गर्ने :

क. भ.न.पा.वडा नं. १ सल्लाघारी, श्रृजनानगर पुल बाटो उपभोक्ता समितिको मिति २०७४।२।१५ गतेको निवेदन अनुसार उक्त पुल बाटो मर्मत कार्य २०७३ असारभित्र सम्पन्न गर्नुपर्नेमा वर्षा, बाढी र तार

जाली समयमा उपलब्ध नभएको कारणले ढिलो भएको कारण देखाई म्याद थप गरी पाऊं भनी नपली पुल निर्माण उपभोक्ता समितिको निवेदन पेश भएको हुंदा निवेदकको माग बमोजिम २०७४ असारभित्र सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

ख. भ.न.पा.वडा नं. २, वडा समितिको कार्यालय भवनको रंगरोगन निकै पुरानो भई रंग खुइलिसकेको हुंदा वडा प्राविधिकले तयार गरेको ल.ई. रु.१,५७,८७५।६८ पैसाको ल.ई. स्वीकृत गर्ने निर्णय गरियो ।

ग. गैर सरकारी र अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुले यस नगर क्षेत्रमा कार्यक्रम गर्दा न.पा.बाट स्वीकृति लिएर मात्र गर्ने भनी सार्वजनिक सूचना प्रकाशित गर्ने ।

आज मिति २०७४ जेठ १६ गते दिनको ३:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

| ***उपस्थिति*** | **उपस्थित** |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उप–प्रमुख श्री रजनी जोशी | सूचना |
| ३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री | **उपस्थित** |
| ४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला | ऐ. |
| ५. वडाध्यक्ष श्री राज कृष्ण गोरा | ऐ. |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ. |
| ७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य | ऐ. |
| ८. वडाध्यक्ष श्री हरेराम सुवाल | ऐ. |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ. |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ. |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ. |
| १२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा | ऐ. |

**विषयहरु :–**

१ हनुमन्ते खोला सुधार रि.ल.ई. बारे ।

२. न्याय समिति गठन बारे ।

३. कार्यालय प्रमुखहरुसँग भेटघाट बारे ।

४. वडा कार्यालयको दैनिक खर्च व्यवस्थापन बारे ।

५. सिथी नःख का दिन पानीको स्रोतहरुमा सरसफाई गर्ने बारे ।

६. मुद्दा मामिलाको अख्तियारी दिने बारे ।

७. विविध बारे ।